## सामुदायिक आउटरिच




अल्पसंख्यक जातीयहरूलाई समुदायमा राम्ररी एकिकृत गराउनका लागि उनीहरूलाई दिइने सहयोग सुदृढ गर्न

- EM हरूलाई उनीहरूको आवश्यकता अनुसारको कक्षाहरू उपलब्ध गराउन, परामर्श र एकिकृत कार्यक्रमहरू उपलब्ध गराउन क्वाइ सिङमा नयाँ सहयोग केन्द्र बनाइनेछ। त्यसले गर्दा EM हरूका लागि जम्मा छ वटा सहयोग सेवा केन्द्रहरूका साथसाथै दुइ वटा उप-केन्द्रहरू हुनेछन्।

- सबै सहयोग सेवा केन्द्रहरूका साथसाथै उप-केन्द्रहरूमा युवा इकाई खोलेर समर्पित कार्यक्रमहरू जस्तै EM युवाहरूको व्यक्तित्व विकासमा सहयोग गर्ने खालका खेलकुद र संस्कृति क्रियाकलापहरू उपलब्ध गराइनेछ।

- युवा राजदूत योजना लागु गरेर EM हरूका संस्कृति र भाषाहरूसँग परिचित र समान पृष्ठभूमि भएका करीब छ जना पुर्ण-कालिन र 30 जना अल्प-कालिन राजदुतहरू नियुक्त गरेर अल्पसंख्यक जातीयहरू कहाँ गएर उनीहरूसँग आफ्ना अनुभव बाड्ने, सल्लाह दिने र आवश्यक्ता अनुसार सिफारिस गरिनेछ।

- गृह मामिला बिभागले यी पहलहरूलाई लागु गर्न EM का संस्कृति र भाषाहरूसँग परिचित भएका पाँच अतिरिक्त कर्मचारीहरू नियुक्त गरी मानवशक्ति सहयोगलाई सुदृढ गर्नेछ।

- जुनियर पुलिस कल (JPC), जसमा अहिले नै 1 900 EM सदस्यहरू छन्, त्यसले EM युवाहरूलाई सहभागी हुन र JPC को क्रियाकलापहरू र प्रशिक्षणद्वारा उनीहरूको नेतृत्व सीपहरू विकास गर्न र सकारात्मक मुल्यमान्यताहरू सिकाउने क्रमलाई जारी राख्नेछ। आउँदो पाँच वर्षमा EM सदस्यहरूको संख्या बढाएर 2 500 बनाउने लक्ष्य रहेको छ।

"केही वर्ष अघि म शुरूमा हङकङ आउँदा केन्टोनिज मेरो लागि ठूलो चुनौती थियो। TV कार्यक्रमबाट मलाई EMको लागि सहयोग केन्द्रको बारेमा थाहा भयो। मैले त्यहाँ केन्टोनिज कक्षा र कम्पुटर कक्षाहरू लिएँ। यो सेवाले मलाई मेरो दैनिक जीवनमा धेरै सहयोग गरेको छ र अहिले म स्थानीय चिनियाँहरूसँग सामान्य केन्टोनिजमा कुराकानी गर्न सक्छु।"
**राजु शामदासानी**



## स्वास्थ्य

भाषाको अवरोधको कारणले EM हरू सार्वजनिक स्वास्थ्य सेवाबाट बन्चित हुन नपरोस् भन्ने कुरा सुनिश्चित गर्न।

- अस्पताल प्राधिकरण अन्तर्गतका सार्वजनिक अस्पतालहरू र क्लिनिकहरूमा अहिले EM हरूका लागि 17 वटा भाषाहरूका लागि अनुवाद सेवाहरू उपलब्ध छन्।



"जब अल्पसंख्यक जातीय समुदायका बिरामीहरू देखें, भाषा अवरोधको कारणले मलाई उनीहरूसँग कुरा गर्न कहिलेकाही गाह्रो हुन्थ्यो। मलाई खुशी लाग्यो कि फोनबाट वा मुखा-मुख गरेर जब दोभाषेको सेवाको व्यवस्था गरियो, कुराकानी गर्न धेरै सजिलो भयो। मैले उनीहरूको स्वास्थ्य स्थितिको बारेमा राम्ररी बुझे र उनीहरूले पनि उपचारको बारेमा राम्ररी बुझे।" **डा. पून**



## सार्वजनिक शिक्षा

पारस्पारिक समझदारी वृद्धि गर्न र भेदभाव-विरुद्ध प्रोत्साहन गर्न

- RTHK सँग मिलेर TV वृत्तचित्र श्रृंखला र स्कूलमा आउटरिच कार्यक्रमहरू निर्माण गरेर विभिन्न मुलका संस्कृति र रहनसहनको बारेमा सर्वसाधारणहरूलाई बुझाउन सहायता गर्नेछन्।

- समान अवसर आयोग (EOC) अन्तर्गत समर्पित EM कार्यदल बनाइ भेदभाव-विरुद्ध प्रोत्साहन गर्नेछन।



"डाइनामिक इन्टरनेशनल मिडिया ग्रुपको HR डाइरेक्टर भएको नाताले, विभिन्न मुलका पृष्ठभूमि भएका कर्मचारीहरू हुनुको फाइदा र मुल्यमान्यताहरूलाई म स्पष्ट पहिचान गर्छु। हामीले जातीय भेदभाव अध्यादेश जसले अल्पसंख्यक जातीयको विरुद्ध भेदभावलाई प्रतिबन्धित गर्छ त्यसको दृढतापूर्वक समर्थन गर्दछौं।" **मिल्ड्रिड अउ-योङ**



## आउँदा दिनहरूलाई हेर्दा...

सरकारले माथिका कार्यक्रमहरू लागु गर्न वार्षिक $200 मिलियन लगानी गर्नेछ। सबै मिलि प्रयास गरी, हामीले हाम्रो समुदायका EM सदस्यहरूको सम्भावनालाई उन्मुक्त गरेर हङकङलाई साझै नै समावेशी समाज बनाउने उदेश्य राख्दछौं।

**सोधपुछ हटलाइन: 3142 2206**

**प्रशासन कार्यालय र सम्बन्धित विभागको लागि प्रमुख सचिव**
**जनवरी 2014**

*Nepali Version*

Designed by the Information Services Department
Printed by the Government Logistics Department
Hong Kong Special Administrative Region Government
(Printed with environmentally friendly ink on recycled paper)

**2014 नीति घोषणाको पहलूहरु**

# अल्पसंख्यक जातीयहरुलाई सहायता



